# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


**Volume 16, Issue 6 No. 96 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Bi-monthly, Ashad-Shrawan 2074 (July 2017)**


## आगामी आर्थिक वर्षका लागि बजेट प्रस्ताव



बजेट सम्बन्धी छलफल गरिँदै

नेपाल टेलिकमले आगामी आर्थिक वर्ष (०७४/७५) का लागि वार्षिक बजेट तथा कार्यक्रम छलफल गरी प्रस्ताव तयार गरेको छ । कम्पनीको सञ्चालक समितिबाट स्वीकृत गरी सो बजेट तथा कार्यक्रमलाई आगामी आर्थिक वर्षको आरम्भसँगै कार्यान्वयनमा ल्याइने छ ।

गत जेष्ठ १४ गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित बजेट छलफल कार्यक्रममा प्रमुख वित्तीय अधिकृत सूर्यभक्त पोखरेलले आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । उहाँले बजेटलाई थप यथार्थपरक बनाउन सबै निकायहरुसँग विस्तृत रुपमा छलफल गरिने बताउँदै कम्पनीको बजेटलाई लक्ष्योन्मुख बनाउन सम्बन्धित सबैको सहयोगको आवश्यकता रहेको बताउनु भयो ।

कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले आगामी आर्थिक वर्षमा कम्पनीलाई

(बाँकी २ पेजमा)

## कम्पनीको ग्राहक आधार एक करोड ७२ लाख

नेपाल टेलिकमको ग्राहक आधार गत २०७४ वैशाख महिनाको अन्त्यसम्ममा १ करोड ७२ लाख ७७ हजार ७ सय पुगेको छ ।

यस अनुसार जीएसएम मोबाइल सेवाका ग्राहक १ करोड ४९ लाख ९९ हजार, सिडीएमए सेवाका ग्राहक १५ लाख ९७ हजार ५ सय तथा पीएसटीएन टेलिफोन सेवाका ग्राहक ६ लाख ८० हजार ८ सय रहेका छन् ।

वैशाख मसान्तसम्म कम्पनीको डाटा सेवाका प्रयोगकर्ता ८३ लाख ५३ हजार ३ सय पुगेका छन् । यस अनुसार सिडीएमएका डाटा सेवाका प्रयोगकर्ता एक लाख ३६ हजार ६ सय, जीएसएमका ८० लाख १२ हजार ८ सय, वाइम्याक्सका १६ हजार ५ सय, डायलअप्का ३ हजार ६ सय, एडीएसएलका १ लाख ७८ हजार ४ सय एफटीटीएचका ५ सय तथा इमेल प्रयोगकर्ता ४ हजार ८ सय रहेका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको पछिल्लो (२०७३ फागुन महिना) MIS Report अनुसार नेपाल टेलिकमको बजार हिस्सा अग्रस्थानमा छ । उक्त प्रतिवेदन अनुसार नेपाल टेलिकमको भ्वाइसमा ४९ प्रतिशत र डाटामा ५३.७१ प्रतिशत बजार हिस्सा रहेको छ । फागुन महिनाको अन्त्यसम्म नेपाल टलिकमको भ्वाइस सेवाको ग्रहाक १ करोड ६९ लाख २१ हजार ४ सय र डाटा सेवाका प्रयोगकर्ता ८२ लाख ६६ हजार उल्लेख गरिएको छ ।

## भूकम्प प्रभावित जिल्लामा द्रुत गतिको इन्टरनेट



सम्झौतामा हस्ताक्षर गरिँदै

२०७२ सालको महाभूकम्प तथा पराकम्पबाट अति प्रभावित जिल्ला मध्ये काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट र रसुवा जिल्लामा नेपाल टेलिकमले ग्रामीण दूरसञ्चार विकास कोषको रकम प्रयोग गरी द्रुत गतिको इन्टरनेट सेवा उपलब्ध गराउने भएको छ । यस सम्बन्धमा नेपाल टेलिकम र नेपाल दूरसञ्चार प्राधिकरणबीच २०७४ बैशाख २१ गते सम्झौता सम्पन्न भइसकेको छ । साथै यस सम्बन्धमा कार्यहरु पनि अघि बढिसकेका छन् । WiMax BS

(बाँकी २ पेजमा)

## सर्वाधिक सञ्चालन आय प्राप्त गर्नेमा नेपाल टेलिकम

नेपाल टेलिकमले आर्थिक वर्ष २०७२/७३ मा करिब रु. १३ अर्ब २७ करोड ५ लाख रुपैयाँ नाफा गरेर सार्वजनिक संस्थानहरु मध्ये खुद नाफा गर्ने संस्थाको रुपमा अग्रपंक्तिमा रहन सफल भएको छ । नेपाल सरकारले सार्वजनिक गरेको संस्थानहरुको वार्षिक स्थिति समीक्षा-२०७४ मा सो तथ्य प्रकाशित गरिएको छ ।

उक्त प्रतिवेदनमा जनउपयोगी क्षेत्र अन्तर्गत सञ्चालित ३ वटा संस्थानहरु (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, नेपाल विद्युत प्राधिकरण र नेपाल खानेपानी संस्थान) ले आर्थिक वर्ष २०७२/७३ मा रु. ७३ अर्ब ५ करोड ६७ लाख सञ्चालन आय आर्जन गरेका छन । यो गत आर्थिक वर्षको तुलनामा चार प्रतिशतले बढी हो । गत आर्थिक वर्ष. २०७१/०७२ मा यस्तो आय रु. ७० अर्ब २९ लाख रहेको थियो । क्षेत्रगत रुपमा सञ्चालन आयको आधारमा यो क्षेत्र दोस्रो स्थानमा रहेको छ ।

जनउपयोगी क्षेत्र अन्तर्गत सञ्चालित नेपाल दूरसञ्चार कम्पनीले आर्थिक वर्ष २०७२/७३ मा सबैभन्दा बढी रु. १३ अर्ब २७ करोड ५ लाख खुद नाफा आर्जन गर्न सफल भएको उक्त प्रतिवेदनमा

(बाँकी २ पेजमा)

## आगामी आर्थिक वर्षका ...

(१ पेजको बाँकी)

अझ उत्पादनमूलक र गतिशिल बनाउने हिसाबले कम्पनीको नीति तथा कार्यक्रम तयार गर्नुपर्ने बताउनु भयो । उहाँले कम्पनीको बजार विस्तार कार्यलाई गति दिइने, ग्राहक सेवा केन्द्र स्थापना गर्ने र डाटा सेवालाई व्यापकरुपमा बजारीकरण गर्ने जानकारी गराउनु भयो ।

कार्यक्रममा प्रबन्ध निर्देशक राजभण्डारीले कम्तीमा १० प्रतिशत राजश्व वृद्धिको लक्ष्य राख्न, खर्च घटाउन र ग्राहक सेवालाई केन्द्रमा राखी सेवाको गुणस्तरलाई थप भरपर्दो बनाउने कार्यमा सबैको जोड रहनुपर्ने बताउनु भयो । उहाँले डाटा सेवालाई प्राथमिकतामा राख्दै यस सम्बन्धमा उत्पन्न हुने समस्याहरु र ग्राहक गुनासाहरुलाई तत्काल समाधान गर्न निर्देशन समेत दिनुभयो ।

सो अवसरमा कर्मचारी युनियनका प्रतिनिधिहरुले बजेटलाई अझ प्रभावकारी र यथार्थपरक बनाउदै यसको कार्यान्वयनमा सबैको ध्यान केन्द्रीत हुनु पर्ने र आयोजनाहरु समयमै सम्पन्न हुनुपर्ने कुरामा जोड दिनुभएको थियो ।

उक्त बजेट छलफल कार्यक्रममा कम्पनीका नायव प्रवन्ध निर्देशकहरु, निर्देशकहरु र विभागीय प्रमुखहरुले चालू आर्थिक वर्षको वित्तीय भौतिक प्रगतिको समीक्षा गर्दै आगामी वर्षको लागि आफू अन्तर्गतका विभाग तथा कार्यालयको बजेट तथा कार्यक्रमको योजना प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा कम्पनीका प्रबन्धकहरु, उप-प्रबन्धकहरु, वरिष्ठ अधिकृतहरुलगायत सम्बन्धित कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## भूकम्प प्रभावित ...

(१ पेजको बाँकी)

सोह्र र CDMA BTS छ स्थानमा जडान गर्ने कार्य अघि बढिसकेको छ । उपरोक्त जिल्लाहरुमा द्रुत गतिको इन्टरनेटको लागि चाहिँने आवश्यक उपकरणहरु टेण्डर गर्ने प्रकृया पनि अघि बढिरहेको छ ।

सो सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र नेपाल दूरसञ्चार प्राधिकरणका तर्फबाट अध्यक्ष दिगम्बर झाले एक कार्यक्रमका बीच हस्ताक्षर गर्नुभएको थियो ।

सो अवसरमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष दिगम्बर झाले, ग्रामीण दूरसञ्चार विकास कोषको रकम पनि सदुपयोग होस् र भूकम्प प्रभावित जिल्लाहरुमा द्रुत गतिको इन्टरनेट सेवा पनि पुगोस् भन्ने उद्देश्यले नेपाल टेलिकमसँग यो सम्झौता गरिएको बताउनु भयो । उहाँले, ग्रामीण दूरसञ्चार विकास कोष अन्तर्गतका आयोजनामा नेपाल टेलिकम सहभागी भएकोमा कम्पनीलाई धन्यवाद दिदै भविष्यमा पनि यस्ता आयोजना सञ्चालन गर्न कम्पनीको सहभागिता रहने अपेक्षा गर्नुभयो ।

उक्त अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले, नेपाल दूरसञ्चार प्राधिकरणले कम्पनीलाई विश्वास गरेर दोश्रो आयोजना कार्यान्वयन गर्न दिएकोमा धन्यवाद दिदै उच्च प्राथमिकता दिएर समयमै आयोजना सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले आयोजना सञ्चालन गरिने जिल्लाहरुमा विस्तृत अध्ययन भईसकेको र ती स्थानहरुमा जिएसएम, सिडिएमए, एडिएसएल र वाइम्याक्स मध्ये स्थानअनुसार जुन प्रविधिबाट सम्भव हुन्छ सोही प्रविधिबाट द्रुत गतिको इन्टरनेट सेवा उपलब्ध गराइने बताउनु भयो । यस आयोजना अन्तर्गत नेपाल टेलिकमले भूकम्पबाट अति प्रभावित काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट र रसुवा जिल्लाका सरकारी एवं सामुदायिक विद्यालय, स्वास्थ्य केन्द्र, आर्युवेद केन्द्र, वडा कार्यालय, गाउँपालिका र नगरपालिहरुमा द्रुत गतिको इन्टरनेट सेवा उपलब्ध गराउनेछ । साथै सो सेवाको सञ्चालन तथा मर्मत कार्यमा पनि कम्पनीले भूमिका निर्वाह गर्नेछ ।

भूकम्पले अति प्रभावित चार जिल्लामध्ये काभ्रेपलाञ्चोकका गाउँपालिका तथा नगरपालिकाका ८० स्थानमा, ११८ वटा सरकारी तथा सामुदायिक विद्यालयमा र ६९ वटा स्वास्थ्य एवं आयुर्वेद केन्द्रमा सेवा उपलब्ध गराइने छ । त्यस्तै सिन्धुपाल्चोकका गाउँपालिका तथा नगरपालिकाका ७० स्थानमा, ८२ वटा सरकारी तथा सामुदायिक विद्यालय र ६१ वटा स्वास्थ्य एवं आयुर्वेद केन्द्रमा, नुवाकोटका गाउँपालिका तथा नगरपालिकाका ६२ स्थानमा, ९५ वटा सरकारी तथा सामुदायिक विद्यालय र ६१ वटा स्वास्थ्य एवं आयुर्वेद केन्द्रमा र रसुवाका गाउँपालिका तथा नगरपालिकाका १८ स्थानमा, १६ वटा सरकारी तथा सामुदायिक विद्यालय र १५ वटा स्वास्थ्य एवं आयुर्वेद केन्द्र गरी जम्मा ७४७ सेवा केन्द्रमा यो सेवा उपलब्ध गराइने भएको छ ।

उपभोक्ताहरुलाई यो सेवा दुई वर्षसम्म निःशुल्क उपलब्ध हुनेछ । यस आयोजनाको लागत करिव २१ करोड १६ लाख रहेको छ ।

## सर्वाधिक सञ्चालन आय...

(१ पेजको बाँकी)

उल्लेख छ । यस अवधिमा नेपाल विद्युत प्राधिकरणको खुद नोक्सान रु. ८ अर्ब ९० करोड ३२ लाख र नेपाल खानेपानी संस्थानको खुद नोक्सान रु. ४ करोड ३४ लाख कायम भई यस क्षेत्रका संस्थानहरुको समग्रमा खुद नाफा रु. ४ अर्ब ३२ करोड ३९ लाख रहन गएको छ । सञ्चित नाफाको अवस्था हेर्दा नेपाल दूरसञ्चार कम्पनीमा रु. ७१ अर्ब २ करोड ७९ लाख रहेको छ ।

यस्तै जनउपयोगी क्षेत्र अन्तर्गत सञ्चालित संस्थानहरुको कुल ऋण दायित्व आर्थिक वर्ष २०७२/७३ मा रु. १ खर्ब ३० अर्ब ५० करोड ६८ लाख पुगेको छ । अघिल्लो आर्थिक बर्षमा यो रकम रु. १ खर्ब ३ अर्ब ४२ करोड ८ लाख रहेको थियो । सबैभन्दा बढी नेपाल विद्युत प्राधिकरणको रु. १२ अर्ब ७९ करोड ५७ लाख ऋण दायित्व रहेको छ भने नेपाल दूरसञ्चार कम्पनीले हालसम्म कुनै ऋण लिएको छैन ।

जनउपयोगी क्षेत्रका संस्थानहरुमा नेपाल सरकारले आर्थिक वर्ष ०७२/७३ सम्ममा कुल ८३ अर्ब १९ करोड ३ लाख शेयर लगानी गरेको छ भने नेपाल सरकारलाई तिर्न बाँकी ऋण गत वर्षको तुलनामा रु. १५ अर्ब १८ करोड २१ लाखले वृद्धि भई आर्थिक वर्ष ०७२/७३ मा रु. १ खर्ब १८ अर्ब ६० करोड २९ लाख पुगेको छ । यस आर्थिक वर्षमा नेपाल दूरसञ्चार कम्पनीबाट रु. ६ अर्ब ८६ करोड २० लाख नेपाल सरकारलाई लाभांश उपलब्ध भएको छ ।

## CG-NAT खरिद सम्बन्धि सम्झौता

नेपाल टेलिकम र ओम्नी ग्रुपका बीच Carrier Grade Network Address Translation (CG- NAT) उपकरण खरिद सम्बन्धि सम्झौता सन्पन्न भएको छ ।

गत वैशाख २१ गते कम्पनीको केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरी उक्त सम्झौता सम्पन्न भएको हो । सम्झौतामा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र ओम्नी ग्रुपको तर्फबाट प्रबन्ध निर्देशक सुमन सिंहले हस्ताक्षर गर्नुभएको थियो ।

सम्झौता अनुसार इन्टरनेट सेवाको लागि IP Address, खासगरी हाल नपुग रहेको IPv4 Address को प्रभावकारी व्यवस्थापनको लागि सहज हुने छ । सो उपकरण संचालन पश्चात कम्पनीको इन्टरनेट सेवाहरुको लागि IP Address व्यवस्थापन कार्य पनि सजिलो हुने छ । यसलाई क्रमिक रुपमा बढाउदै लाने योजना रहेको छ । IPv6 को प्रयोग एवम् IPv6-IPv4 सह-प्रयोगको लागि पनि सो उपकरण उययोगी हुने अपेक्षा गरिएको छ ।

# दोलखाको बेदिङ्गमा पनि सेवा

नेपाल टेलिकमले सगरमाथा आरोहीहरुको गाँउ भनेर चिनिने दोलखा जिल्लाको बेदिङ्गमा बिटिएस स्थापना गरी हालै जिएसएम मोबाइल सेवा संचालनमा ल्याएको छ । बेदिङ्ग दोलखा जिल्लाको सबैभन्दा विकट मानिएको गौरीशंकर गाँउपालिका अन्तर्गत रहेको छ । यो स्थान बहुचर्चित च्छोरोल्पा हिमताल निकट गौरीशंकर हिमालको फेदीमा रहेको छ र यहाँ शेर्पाहरुको बस्ती छ । पर्यटकीय आकर्षणको केन्द्र भएता पनि उक्त क्षेत्रमा यस अघि कुनै पनि किसिमको दूरसञ्चार सेवा पुगेको थिएन ।

यो सेवाबाट गौरीशंकर, नागुन तथा खेल्वाका करिव ८४ घरधुरीका करिव पाँच सय बासिन्दाहरु तथा यस क्षेत्रमा आउने पर्यटकहरु लाभान्वित हुनेछन् । अव यस क्षेत्रका उपभोक्ताहरुले पनि जिएसएम मोवाइल मार्फत सहजै अन्य क्षेत्र तथा विश्व



समुदायसँग सम्पर्क स्थापित गर्न सक्नेछन् । बेदिङ्गको च्छोरोल्पा हिमताल सदरमुकाम चरिकोटबाट लगभग ६५ किलोमिटर सडक मार्ग र दुई दिनको पैदल मार्गको दुरीमा रहेको छ ।

सेवा सुचारु भएपछि यस क्षेत्रका जनता निकै उत्साहित भएको पाइएको छ । स्थानीय वासिन्दाहरुले अब त्यस क्षेत्रमा पनि पर्यटन विकासका लागि सहयोग पुग्ने बताएका छन् ।

दुर्गम तथा अति विकट क्षेत्रका ग्रामीण तहसम्म दूरसञ्चार सेवाको पहुँच विस्तार गर्ने नेपाल सरकारको नीति अनुसार कम्पनीले सो क्षेत्रमा सेवा विस्तार गरेको हो । प्रतिफल कम आउने र तुलनात्मकरुपमा लगानी बढी हुने स्थानहरुमा समेत समान रुपमा दूरसञ्चार सेवा विस्तार गर्ने क्रमलाई निरन्तरता दिँदै सो स्थानमा हालै उपकरण जडान गरी नेपाल टेलिकमले सेवा सञ्चालनमा ल्याएको हो ।




नेपाल टेलिकमका विभिन्न सेवा सम्बन्धमा उपभोक्ताहरूले विभिन्न माध्यमबाट जिज्ञासा राख्ने गर्नु भएको छ । यस्ता जिज्ञासाहरूको जवाफ सबै सेवाग्राहीलाई उपयोगी हुने महसुस गरी यस सम्बन्धी बारम्बार सोधिने केही प्रश्न र त्यस सम्बन्धमा कम्पनीको भनाइ प्रस्तुत गरिएको छ ।

**मैले पसलबाट लिएको रिचार्ज कार्डमा अक्षर नबुझिएर रिचार्ज गर्न सकिन । अब मेरो त्यो रिचार्ज कार्ड त्यत्तिकै खेर जान्छ ? मैले क्षतिपुर्ति पाउन के गर्नुपर्ला ?**

तपाईंले जहाँबाट लिएको भए पनि रिचार्ज कार्ड कोरिएको वा अरु केही भएको छ र रिचार्ज गर्न पाउनु भएन भने त्यसलाई साटेर अर्को लिन मिल्छ । जतिसुकै मूल्यको रिचार्ज कार्ड भए पनि त्यही मूल्यको अर्को रिचार्ज कार्ड उपलब्ध हुन्छ । यसका लागि किनेकै पसलमै सम्पर्क गरे पनि हुन्छ वा आफैं सोझैं नेपाल टेलिकमको पुल्चोक वा त्रिपुरेश्वरस्थित ग्राहक सेवा केन्द्रमा सम्पर्क राख्न सक्नुहुन्छ । उपत्यका वाहिरका ग्राहकहरुले नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क गर्न सक्नुहुन्छ ।

● **कहिलेकाहीं सिम चलाउदै गर्दा** Enter PUK Code **भनेर आउँछ । यो अवस्थामा के गर्ने ?**

नेपाल टेलिकमको सीम भएको मोबाइल सेट चलाउदै गर्दा कहिलेकाहीं यस्तो देखिन्छ । त्यो भन्दा पहिले तपाईंले मेनुमा गएर सेटिङ चलाउनु भयो होला । सकेसम्म चलिरहेको मोबाइल सेटमा Setting चलाउनु हुदैन । सेटिङ पछि Security Setting चलाउदा Enter PIN Code भनेर आउछ । त्यो अवस्थामा केही नगरेर फेरि मेनुमै फर्केमा केही हुदैन । तर तपाईले गलत नम्बर तीन पटक थिच्नुभयो भने Enter PUK Code भन्छ । तपाईले प्रयोग गर्ने सीममा पनि त्यही भएको हो । उक्त नम्बर थाहा पाउनका लागि १४९८ मा फोन गर्न सकिन्छ । यो बाहेक तपाई आफै पनि थाहा पाउन सक्नुहुन्छ । यसका लागि ल्यान्डलाइन वा अरु कुनै मोबाइल फोनबाट १६०७ मा फोन गर्न सकिन्छ । फोन गर्दा सीमको पछिल्लो भागमा रहेको नम्बर माग्छ । त्यो नम्बर पनि उपलब्ध गराउनु पर्छ । अनि तपाईलाई उक्त सीमको PUK Number उपलब्ध गराउछ । अनि फेरि सीमलाई मोबाइल सेटमा राखेर त्यही नम्बर थिचेर OK गर्नुपर्छ । फेरि PIN Code माग्छ । PIN Code चाहिं १२३४ हो । १२३४ हानेर OK गरेपछि फेरि Repeat वा Verify भन्छ । अनि फेरि त्यही नम्बर हानेर OK गर्दा सीम खुल्छ । याद राख्नुहोस्, Enter PUK Code भनेको समयमा दश पटक गलत नम्बर हान्नुभयो भने सीम बिग्रिन्छ र अर्को नयाँ सीम कार्ड लिनुपर्ने हुन्छ । त्यसैले नम्बर थिच्दा सचेत हुनु आवश्यक छ ।

● **टेलिकमको हटस्पट वाइफाइ कसरी चलाउने ?**

नेपाल टेलिकमले आफ्ना ग्राहकहरुको सुविधाका लागि आकर्षक सेवा सुविधाहरु थप गर्दै जाने क्रममा हटस्पट वाइफाइको सुविधा ल्याएको छ । तर पनि हामीमध्ये धेरैले यसको सुविधा लिन सकेका छैनौ । हामीमध्ये कतिपयलाई यो हटस्पट वाइफाइ कसरी चलाउने भन्ने बारे जानकारी छैन ।

हटस्पट वाइफाइ मार्फत इन्टरनेट चलाउनको लागि जिएसएम तथा सिडिएमए पोष्टपेड वा प्रिपेड मोवाइलको म्यासेज बक्समा गई wifi10 टाइप गरी १४१६ मा म्यासेज पठाउनुपर्छ । त्यसपछि आफूलाई प्राप्त हुने पासवर्ड प्रयोग गरेर इन्टरनेट चलाउन सकिन्छ ।


यो सेवा प्रयोग गरे वापत ग्राहकहरूको मोबाइलबाटै १० रुपैयाँ ब्यालेन्स काटिन्छ । उक्त ब्यालेन्सबाट २४ घण्टा भित्र एक घण्टासम्म इन्टरनेट चलाउन सकिन्छ । यो ६० मिनेटको समयलाई २४ घण्टा भित्र जतिखेर र जसरी चलाएपनि हुन्छ । त्यस्तै wifi30 टाइप गरी १४१६ मा म्यासेज पठाउँदा ५ घण्टा सम्म इन्टरनेट चलाउन सकिन्छ जुन ७ दिन भित्र उपभोग गरि सक्नु पर्दछ । हाल यो सेवा कम्पनीले मुलुकका लगभग ३७६ स्थानमा पुऱ्याएको छ ।

● **ADSL Internet नचल्नुका विभिन्न कारणहरु हुन्छन् भनिन्छ । त्यस्ता के कारण हुन सक्छन्, विस्तृतमा बताइदिनु भए आभारी हुने थिए ।**

नेपाल टेलिकमले वितरण गरेको एडिएसएल सेवाका उपकरणहरु प्राविधिक हिसाबले कम्पनीको टेलिफोन एक्सचेन्जमा र ग्राहकको घरमा रहेका हुन्छन् । ती उपकरणहरु मध्ये कुनै एक स्थानमा जडित उपकरणमा समस्या आइदिंदा पनि ग्राहकहको सेवा अवरुद्ध हुन जाने गरेको पाइएको छ । कहिलेकाहीं कम्पनीले आफ्नो कार्यालयमा जडान गरेका उपकरणहरु निरन्तर रुपमा सञ्चालनमा रहेको भए तापनि ग्राहकहरुको घरमा जडान गरिएका उपकरणहरुको कारण सेवा अवरुद्ध हुन जाने गरेको पाइएको छ । तसर्थ एडिएसएल सेवाका ग्राहकहरुले निम्न कुरामा ध्यान दिन सकेमा एडिएसएल सेवामा देखिएको समस्या केही मात्रामा भए पनि आफैं समाधान गर्न सकिन्छ ।

**१. Proper Connection भए /नभएको :**

ADSL सेवाका ग्राहकहरुले टेलिफोनको तारलाई ADSL Router सँग Proper Connection गर्न नजान्दा समस्या आउने गरेको पाइएको छ । केही ग्राहकहरुले Wall Extenction / Junction Box मार्फत ADSL Router जोड्ने गरेको कारणले पनि ADSL नचल्ने समस्या देखिएको छ । ग्राहकहरुले टेलिफोनको पोलबाट तानिएको तारलाई Splitter मार्फत एकलाईन टेलिफोनमा र अर्कोलाइन Router मा जोडी ADSL चलाएमा यस किसिमको समस्या समाधान गर्न सकिन्छ । सम्भव भएसम्म पुरा Bandwith प्राप्त गर्न टेलिफोनको तार सबै भन्दा पहिले Splitter मा Connect गरी त्यस पश्चात Telephone लेखिएको Port बाट मात्र Extension को प्रयोग गर्नु पर्ने हुन्छ ।




**२) ADSL Router मा बत्ति बलेको/नबलेको :**

ADSL Router मा विभिन्न LED हरु हुन्छन् । ती मध्ये Power LED ले Router मा Electricity पुगे/नपुगेको जानकारी दिन्छ । त्यस्तै Network/Internet/Data LED ले Internet को नेटवर्क भए नभएको जानकारी दिन्छ भने DSL LED ले ADSL लाइन ठिक रहे नरहेको जानकारी दिन्छ । ग्राहकहरुको ADSL सेवाको Volume वा Validity Period समाप्त भएमा पनि Network/Internet/Data LED बल्दैन तसर्थ ग्राहकहरुले Router मा रहेको LED मा बलेको बत्ति हेरेर पनि समस्या पत्ता लगाई समाधान गर्न सकिन्छ ।

३) **Proper Router Configuration Setting भए/नभएको** :

ADSL सेवामा प्रयोग भएका केही Router हरुमा Power off हुने बित्तिकै Defult Mode मा गएर Setting बस्ने गरेको पाइएको छ । लोडसेडिङ्ग बढ्नासाथ यस किसिमको समस्या अलि बढी मात्रामा देखिन्छ । यदि ग्राहकहरुले प्रयोग गरेको Router मा यस किसिमको समस्या देखिएमा ADSL चल्दैन यसको लागि Router को Configuration पुनः Set गर्नुपर्ने हुन्छ । ग्राहकहरुले नेपाल टेलिकमको Web site मा भएको (https://www.ntc.net.np/pages/view/adsl-service) मा दिएको निर्देशन अनुसार Router Setting गर्न सकिन्छ । यस्तै Router Installation Guideline लाई Follow गरेर पनि Setting गर्न सकिन्छ । यदी ग्राहकहरुले Router Setting गर्न नजानेमा नजिकको दूरसञ्चार कार्यालयमा गएर पुन : Setting गर्नुपर्ने हुन्छ ।

**४) Router मा Password Set नगरी WiFi चलेको** :

धेरैजसो ADSL सेवाका ग्राहकहरुले ADSL मार्फत WiFi चलाउने गरेका छन् । यदि ग्राहकहरुले Password Setting नगरी WiFi चलाउँदा असम्बन्धित व्यक्तिहरुले समेत WiFi चलाउन पाउँछन् । यसले गर्दा ग्राहकहरुको ADSL को Speed कम हुन जान्छ भने Volume based ADSL सेवा भएका ग्राहकहरुको Volume छिटै सकिन जान्छ । यसैगरी Possword Protect नहुँदा असम्बन्धित व्यक्तिहरुले Cyber Law विरुद्धका काम समेत गर्ने भएकोले WiFi चलाउने ग्राहकहरुले Router df Possword Set गरेर चलाउने गर्नुपर्छ र समय समयमा Possword परिवर्तन गरिरहनुपर्छ ।

**५) Virus Infected Computer रहेको :**

कतिपय ग्राहकहरुको Computer मा Virus को कारण Network Block भएर पनि ADSL नचल्ने हुन जान्छ तसर्थ आफ्नो Computer लाई Virus मुक्त बनाएर ADSL चलाउनुपर्छ ।

६) **आवश्यक Internet Browser Setting नरहेको :**

ADSL चलाउने Computer मा रहेको Proxy Address गलत Set भएमा पनि ADSL चल्दैन । तसर्थ ADSL चलाउने ग्राहकहरुले ADSL नचलेमा Browser Default Setting गर्नुपर्ने हुन्छ ।

७. **Recharge Card** बाट रिचार्ज नभएको :

ADSL रिचार्ज गर्दा ADSL रिचार्ज अवधि सकिएको मितिले ३० दिनभन्दा बढी समय भएको छ भने ADSL को Line Disconnect गरिसकेको हुन्छ । त्यस्तो बेलामा सम्बन्धित टेलिकम कार्यालयमा सम्पर्क गरी रिचार्ज गर्नुहोला ।

यी बाहेक अन्य समस्याहरु कहिलेकाही नेपाल टेलिकममा जडान गरिएका उपकरणको कारणले पनि हुन सक्ने भएकोले ग्राहकको ADSL नचलेमा तुरुन्त १९८ वा आफूले सेवा लिएको दूरसञ्चार कार्यालयमा टिपाउनु पर्ने हुन्छ । कम्पनीले ग्राहकहरुको गुनासो प्राप्त हुनासाथ मर्मतको लागि प्राविधिक टोली खटाई मर्मत गर्नेछ ।

**नेपाल टेलिकमका Namaste र NT Recharge card बाट कसरी महसुल भुक्तानी गर्ने ?**

नेपाल टेलिकमले Namaste र NT Recharge card गरी दुई थरीका रिचार्ज कार्ड बजारमा ल्याएको छ । यी कार्डहरुबाट निम्नानुसार महसुल भुक्तानी गर्न सकिन्छ ।

**Namaste Recharge card :** यसबाट महसुल भुक्तानी गर्न १४१३ डायल गर्नु पर्छ । यो कार्ड मार्फत PSTN, ADSL र GSM मा महसुल भुक्तानी गर्न सकिन्छ । साथै GSM Postpaid र Prepaid मा USSD मार्फत रिचार्ज गर्न पनि सकिन्छ ।

आफ्नै नम्बरबाट GSM Postpaid को लागि : *411* pin number*10# डायल गर्ने आफ्नै नम्बरबाट GSM Prepaid को लागि : *411*pin number# डायल गर्ने

अरु नम्बरबाट रिचार्ज गर्नका लागि : *411* pin number*service_type*number to be recharged#

Service Type मा GSM Prepaid भए 1, GSM Postpaid भए 2, PSTN/SIP Number भए 3, ADSL Unlimited service भए 4 र ADSL Volume Based service भए 5 अंक राख्नु पर्छ ।

**NT Recharge card :** यसबाट महसूल भुक्तानी गर्न १४१२ डायल गरेर वा अनलाइन मार्फत (http://webrecharge.ntc.net.np) रिचार्ज गर्न सकिन्छ । यो कार्ड मार्फत PSTN, ADSL, GSM, CDMA र WiMAX मा महसूल भुक्तानी गर्न सकिन्छ । साथै GSM Prepaid मा USSD मार्फत रिचार्ज गर्न पनि सकिन्छ । यसको लागि आफ्नै मोबाइलमा *412*pin number# डायल गर्नु पर्छ ।

## कम्पनी र रेडियो नेपालबीच सम्झौता

नेपाल टेलिकम र रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) का बीच रेडियो नेपालमार्फत विभिन्न समयमा कम्पनीका सूचना सन्देश प्रसारण गर्ने र मनोरञ्जनात्मक कार्यक्रम प्रायोजन गर्ने सम्बन्धी सम्झौता सम्पन्न भएको छ ।

गत जेठ १ गते कम्पनीको केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरी उक्त सम्झौता सम्पन्न भएको हो । सम्झौतामा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक कामिनी राजभण्डारी र रेडियो नेपालको तर्फबाट कार्यकारी निर्देशक सुरेश कुमार कार्कीले हस्ताक्षर गर्नुभएको थियो ।



# कम्पनीको सेवाका विद्यमान महसुल दर

नेपाल टेलिकमले सञ्चालन गरेका PSTN/ VSAT/GSM/CDMA सेवाको महसुल दर निम्न वमोजिम रहेको छ :

१. आभारभूत टेलिफोन सेवा

क) PSTN सेवाको Subscription शुल्क

| | |
|---|---|
| धरौटी रकम | रु. ७५०/- |
| जडान शुल्क | रु. ३२०/- |
| स्वामित्व शुल्क | रु. १,१३०/- |
| रजिष्ट्रेशन शुल्क | रु. ५०/- |
| जम्मा | रु. २२५०/- |

ख) CMDA (C-Phone) Fixed Postpaid सेवाको Subscription शुल्क

| | |
|---|---|
| क्रेडिट लिमिट | रु. १,५००/- |
| जडान शुल्क | रु. ३२०/- |
| स्वामित्व शुल्क | रु. १,१३०/- |
| रजिष्ट्रेशन शुल्क | रु. ५०/- |
| टेलिफोन सेटको मूल्य | रु. २५,००/- |
| जम्मा | रु. ५५,००/- |

ग) CMDA (C-Phone) Fixed Prepaid सेवाको Subscription शुल्क

| | |
|---|---|
| क्रेडिट लिमिट | रु. १,९६५.३० |
| जडान शुल्क | रु. ३२०/- |
| स्वामित्व शुल्क | रु. ३४.७० |
| रजिष्ट्रेशन शुल्क | रु. ५०/- |
| टेलिफोन सेटको मूल्य | रु. २५,००/- |
| जम्मा | रु. ४८७०/- |

घ) PSTN/CDMA (C-Phone Fixed) Postpaid

न्यूनतम मासिक महसुल : रु. २००/- (१७५ लोकल कल छुट)

ङ) नामसारी शुल्क : रु. १००/- + स्वामित्व शुल्क

च) ठाउँसारी शुल्क : रु. ३२०/-

छ) VSAT सेवाको Subscription शुल्क

| विवरण | धरौटी प्रति लाइन रु. | जडान प्रति लाइन रु. | न्यूनतम मासिक शुल्क |
|---|---|---|---|
| गाँउपालिका PCO | १०,०००/- | १०,०००/- | x |
| गाँउपालिका PCO मा सञ्चालित VSAT बाट अन्य ग्रहाकलाई जडान गर्दा | १०,०००/- | १०,०००/- | १०००/- |
| माथि उल्लेखित बाहेक अन्यलाई जडान गर्दा (२ लाईन लिनु पर्ने) | १०,०००/- | १०,०००/- | १०००/- |

ज) Toll Free Service (Advanced Free Phone Service) Toll Free Number (1660-01-xxxxx)

| | |
|---|---|
| रजिष्ट्रेशन शुल्क | रु. १०००/- |
| धरौटी रकम | रु. १०,०००/- लोकल सुविधाको लागि |
| धरौटी रकम | रु. १५,०००/- STD सुविधाको लागि |

| | |
|---|---|
| मासिक न्युनतम महसुल | रु. १०००/- |
| कल महसुल | PSTN सेवाको विद्यमान महशुल दर सरह |

झ) Interactive Voice Response (IVR) सेवा

| विवरण | डायल कोड | महसुल दर |
|---|---|---|
| SLC Result Enquiry | १६०० | रु. १ प्रति २० सेकेण्ड |
| Class 11 and 12 Result Enquiry | १६०१ | रु. १ प्रति २० सेकेण्ड |
| SLC Supplementary Result Enquiry | १६०० | रु. १ प्रति २० सेकेण्ड |
| TU Results | १६०२ | रु. १ प्रति २० सेकेण्ड |
| Telephone Fault Booking | १९८ | नि:शुल्क |
| PSTN Bill Enquiry | १६०६ | लोकल कल सरह |
| Telephone Enquiry | १९७ | नि:शुल्क |
| GSM Enquiry | १४९८ | नि:शुल्क |
| CDMA Enquiry | १९१ | नि:शुल्क |

२. GSM मोबाइल सेवा

क) GSM Postpaid Subscription शुल्क

| विवरण | शुल्क |
|---|---|
| क्रेडिट लिमिट | रु. ३८०/- |
| स्वामित्व शुल्क | रु. १,१३०/- |
| जम्मा | रु. १,५१०/- |

- उपरोक्त शुल्कमा ISD सुविधा उपलब्ध हुने भएकोले सम्बन्धित कार्यालयमा सम्पर्क गर्नु होला ।
- यो सेवाको मासिक शुल्क रु. ३००/- प्रति महिना

ख) GSM Pre paid Subscription शुल्क : रु. ९०/- (रु. ५०/- बराबर Talk Time)

- हराएको/बिग्रेको SIM परिवर्तन शुल्क : रु. ५०/-
- Pool/Frozen मा गएको SIM पुन:परिवर्तन शुल्क : रु. ९०/- (रु. ५०/- बराबर Talk Value सहित)

३. CDMA मोबाइल सेवा

क) CDMA Postpaid Subscription शुल्क :

| विवरण | शुल्क |
|---|---|
| क्रेडिट लिमिट | रु. ३८०/- |
| स्वामित्व शुल्क | रु. १,१३०/- |
| जम्मा | रु. १,५१०/- |

- उपरोक्त शुल्कमा ISD सुविधा उपलब्ध हुने भएकोले सम्बन्धित कार्यालयमा सम्पर्क गर्नु होला ।
- यो सेवाको मासिक शुल्क रु. २००/- प्रति महीना

ख) CDMA Prepaid Subscription शुल्क : रु.९० /- (रु. ५०/- बराबर talk time)

- हराएको/बिग्रेको SIM परिवर्तन शुल्क : रु. ५०/-
- Pool/Frozen मा गएको SIM पुन:परिवर्तन शुल्क : रु. ९०/- (रु. ५०/- बराबर Talk Value सहित)

# डाटा सेवामा आकर्षक अफर

आम नेपाली नागरिकलाई टेलिफोन सेवा उपलब्ध गराइएको १ सय वर्ष पूरा भएको अवसरमा विश्व दूरसञ्चार तथा सूचना समाज दिवस (ITU Day, 2017 May 17) का दिन नेपाल टेलिकमले जिएसएम तथा सिडिएमए मोबाइल सेवाका ग्राहकलाई विभिन्न प्रमोसनल अफरहरु उपलब्ध गराएको छ। कम्पनीको प्रमोसनल अफर अन्तर्गत उपलब्ध गराइएको यो सहुलियत २०७४ श्रावण २८ गतेसम्म कायम रहनेछ।

यसरी उपलब्ध गराइएको अफर अन्तर्गत फोरजी डाटा प्याकेज जिएसएम सेवाका ग्राहकलाई उपलब्ध गराइएको छ भने अल टाइम डाटा प्याकेज र नाइट डाटा प्याकेज सिडिएमए सेवाका ग्राहकहरुलाई पनि उपलब्ध गराइएको छ।

फोरजी डाटा प्याकेज अन्तर्गत ५० रुपैयाँमा सात दिनसम्म उपभोग गर्न पाउने गरी २ सय एमबी डाटा उपलब्ध गराइएको छ। त्यसैगरी १ सय रुपैयाँमा चौध दिनसम्म उपभोग गर्न पाउने गरी ५ सय एमबी डाटा, २ सय रुपैयाँमा २८ दिनसम्म उपभोग गर्न पाउने गरी १२ सय एमबी डाटा, ३ सय रुपैयाँमा २८ दिनसम्म उपभोग गर्न पाउने गरी २ हजार एमबी डाटा र ५ सय रुपैयाँमा २८ दिनसम्म उपभोग गर्न पाउने गरी ३ हजार ६ सय एमबी डाटा उपलब्ध गराइएको छ। **यो सेवा लिनका लागि जति एमबी आवश्यक पर्ने हो सोही अनुसार १४१५ मा सन्देश पठाउनु पर्नेछ। जस्तै : 500MB डाटा सेवा लिनका लागि 4G500MB टाइप गरी १४१५ मा एसएमएस पठाउनु पर्नेछ।**

अल टाइम डाटा प्याक अन्तर्गत स्मल डाटा प्याकज (रु.२५ र रु.५०) पनि थप गरिएको छ। अल टाइम डाटा प्याकेज अन्तर्गत २५ रुपैयाँमा सात दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ६० एमबी डाटा उपलब्ध गराइएको छ। त्यसैगरी ५० रुपैयाँमा चौध दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी १ सय २५ एमबी डाटा, १ सय रुपैयाँमा तीस दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ४ सय एमबी डाटा, २ सय रुपैयाँमा तीस दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ८ सय ५० एमबी डाटा र ३ सय रुपैयाँमा तीस दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी १ हजार ५ सय एमबी डाटा उपलब्ध गराइएको छ।

**यो सेवा लिनका लागि जति एमबी आवश्यक पर्ने हो सोही अनुसार १४१५ मा सन्देश पठाउनु पर्नेछ। जस्तै : ६० एमबी डाटा लिनका लागि DATA60MB टाइप गरी १४१५ मा एसएमएस पठाउनु पर्नेछ।**

त्यसैगरी नाइट डाटा प्याकेज अन्तर्गत २ सय रुपैयाँमा ३ जीबी डाटा र ३ सय रुपैयाँमा ६.५ जीबी डाटा राती १० बजेदेखि बिहान ६ बजेसम्म तीस दिनसम्म उपभोग गर्न पाइने गरी उपलब्ध गराइएको छ। **यो सेवा लिनका लागि जति जिबी आवश्यक पर्ने हो सोही अनुसार १४१५ मा सन्देश पठाउनु पर्नेछ। जस्तै : ६.५ जिबी डाटा लिनका लागि NIGHT6GB टाइप गरी १४१५ मा एसएमएस पठाउनु पर्नेछ।**

**उपरोक्त अल टाइम डाटा प्याकेज तथा नाइट डाटा प्याकेज सिडिएमए सेवाका ग्राहकलाई २०७४ जेठ ३ गतेदेखि उपलब्ध हुनेछ भने जिएसएम सेवाका ग्राहकलाई २०७४ बैशाख २९ देखि लागू हुने गरी उपलब्ध गराइसकिएको छ।**

यस्तैगरी फेसबुक तथा इन्स्टाग्राम डाटा प्याकेज अन्तर्गत २५ रुपैयाँमा सात दिनसम्म उपभोग गर्न पाउने गरी १ सय १० एमबी डाटा उपलब्ध गराइएको छ। ५० रुपैयाँमा चौध दिनसम्म उपभोग गर्न पाउने गरी २ सय ३० एमबी डाटा, १ सय रुपैयाँमा २८ दिनसम्म उपभोग गर्न पाउने गरी ५ सय एमबी डाटा र २ सय रुपैयाँमा २८ दिनसम्म उपभोग गर्न पाउने गरी १ हजार १ सय एमबी डाटा उपलब्ध गराइएको छ। **यो सेवा लिनका लागि जति एमबी आवश्यक पर्ने हो सोही अनुसार १४१५ मा सन्देश पठाउनु पर्नेछ। जस्तै : ११० एमबी डाटा लिनका लागि FB110MB टाइप गरी १४१५ मा एसएमएस पठाउनु पर्नेछ।**

उपरोक्त अफरका दरहरु करसहितका हुन्।

## विकट स्थानमा टेलिफोन सञ्चालन

नेपाल टेलिकमले धादिङ्ग ज़िल्लाको उत्तरी भेगका विकट स्थानहरु लापा र टिप्लिङ्गमा विटिएस स्थापना गरी २०७४ बैशाख १३ गते देखि जिएसएम मोवाइल सेवा सञ्चालनमा ल्याएको छ। ती स्थानहरुमा यस अघि कुनै पनि किसिमको दूरसञ्चार सेवा पुगेको थिएन।

लापामा स्थापित विटिएसबाट धार्खा, सेरटुङ्ग, बराङ्ग, झारलाङ्गका करिव तीन हजार घरधुरीका बासिन्दाहरुलाई मोवाइल फोन मार्फत अन्य क्षेत्र तथा विश्व समुदायसँग सम्पर्क स्थापित गर्न सहज भएको छ। लापा धादिङ्ग





वेसीबाट ५५ किलोमिटर सडक मार्ग (धुनधुरेसम्म) र दुई दिनको पैदल मार्गको दुरीमा रहेको छ।

त्यस्तैगरी टिप्लिङ्गमा स्थापित विटिएसबाट टिप्लिङ्गल र सेरटुङ्गलगायत नजिकका गाउँका करिव दुई हजार घरधुरीका वासिन्दा लाभान्वित हुने भएका छन्। टिप्लिङ्ग धादिङ्ग वेसीबाट ५५ किलोमिटर सडक मार्ग (धुनधुरेसम्म) र तीन दिनको पैदल मार्गको दुरीमा रहेको छ।

## बाग्लुङ जिल्लाको विकट स्थानमा जिएसएम मोवाइल

नेपाल टेलिकमले बाग्लुङ ज़िल्लाको उत्तर पश्चिम भेगको विकट स्थान तमान खोलामा विटिएस स्थापना गरी २०७४ असार ९ गतेदेखि जिएसएम मोवाइल सेवा सञ्चालनमा ल्याएको छ। यो स्थानमा यस अघि कुनै पनि किसिमको दूरसञ्चार सेवा पुगेको थिएन।

तमानखोला गाउँपालिका वडा नं. ३ तमानखोलामा स्थापित विटिएसबाट तमानखोला गाउँपालिकाको वडा नं.३ र ४ का करिव छ सय घरधुरीका बासिन्दा र खुङखानीको वडा नं. ६ का वासिन्दालगायत सो क्षेत्रका अन्य वासिन्दालाई मोवाइल फोन मार्फत अन्य क्षेत्र तथा विश्व समुदायसँग सम्पर्क स्थापित गर्न सहज भएको छ। तमान खोला बाग्लुङ जिल्ला सदरमुकामबाट एक सय १६ किलोमिटर सडक मार्गको यात्रा पश्चात् करिव डेढ घण्टाको पैदल मार्गको दुरीमा रहेको छ। उक्त स्थान छिमेकी जिल्ला म्याग्दीको सिमानासँग जोडिएको छ।

दुर्गम तथा अति विकट क्षेत्रका ग्रामीण तहसम्म दूरसञ्चार सेवाको पहुँच विस्तार गर्ने नेपाल सरकारको नीतिअनुसार कम्पनीले सो क्षेत्रमा सेवा विस्तार गरेको हो। प्रतिफल कम आउने र तुलनात्मकरुपमा लगानी बढी हुने स्थानहरुमा समेत समान रुपमा दूरसञ्चार सेवा विस्तार गर्ने क्रमलाई निरन्तरता दिँदै सो स्थानमा हालै उपकरण जडान गरी नेपाल टेलिकमले सेवा सञ्चालनमा ल्याएको हो।

## नेपाल टेलिकमका डाटा प्याक अफरहरु सजिलै subscribe गर्ने तरिका

*1415# डायल गरेर डाटा प्याक अथवा अफरहरु लिन सकिन्छ। मोबाइलबाट *1415# डायल गरेपछि क्रमश :

1. Night Data Pack
2. Facebook Pack
3. Small Data Pack
4. Regular Data Pack
5. New Year Pack
6. NT 4G Offer
7. Volume Query

मोबाइलको स्क्रीनमा देखिने छन। ततपश्चात आफूले लिन चाहेको प्याक वा अफर अर्न्तगतको क्रम संख्या (1 अथवा 2 अथवा 3..) लेखेर सेन्ट गरी आवश्यक डाटा प्याक अथवा अफर लिन सकिनेछ। **जस्तै : क्रम संख्या** 2 लेखी सेन्ट गर्दा Facebook Pack अर्न्तगत विभिन्न प्याक आउछन्। तत्पश्चात आफूले लिन चाहेको प्याक अर्न्तगतको क्रम संख्या (1अथवा 2 अथवा 3..) लेखी फेरि सेन्ट गरी आवश्यक डाटा प्याक लिने र अन्तमा ok गरी सकेपछि प्याक अथवा अफरहरु सजिलै subscribe हुनेछन।

# महिला इन्जिनियरका सफलता सूत्र



सम्बोधन गर्ने क्रममा प्रबन्ध निर्देशक

नेपाल टेलिकमका प्रबन्ध निर्देशक ई.कामिनी राजभण्डारीले, 'जीवनलाई नै महत्वपूर्ण मोड दिनसक्ने  महत्वपूर्ण अवसरहरु मानिसको जीवनमा एकदमै कम मात्र प्राप्त हुने र यस्ता अवसरलाई महिला इन्जिनियरहरुले सदुपयोग गरेर सफलता हासिल गर्नुपर्ने' बताउनु भएको छ । अन्तर्राष्ट्रिय महिला इन्जिनियर दिवसका अवसरमा असार ९ गते नेपाल इन्जिनियरिङ एसोसिएसनले आयोजना गरेको कार्यक्रममा प्रमुख अतिथि वक्ताको रुपमा बोल्दै उहाँले उक्त कुरा बताउनु भएको हो ।

उहाँले, हरेक महिला इन्जिनियरमा सफल इन्जिनियर हुने गुणहरु निहित हुने भएकाले  सफलता प्राप्त गरेर भविष्यका युवाहरुको प्रेरणाको श्रोत बन्न आग्रह गर्नुभयो । सफल महिला इन्जिनियर हुनका लागि सधैं आफ्नो लक्ष्यको पछि लागिरहनु पर्ने, कडा मेहनत गर्नुपर्ने, अरुको लागि रोल मोडल बन्न प्रयास गर्ने र राम्रो कार्यका लागि जोखिम मोल्न समेत सधैं तयार रहनु पर्ने बताउनु भएको छ । उक्त अवसरमा उहाँले हरेक मानिसले आफूलाई साधारण रुपमा नहेरी जीवनमा ठूलो सफलता प्राप्तीको लागि सधैं प्रयत्नशिल हुनुपर्ने बताउनु भएको छ ।

सो अवसरमा इन्जिनियरिङ क्षेत्रमा सक्रिय महिला इन्जिनियरसँग सम्बन्धित फोटो प्रदर्शनी पनि गरिएको थियो । सो प्रदर्शनीको उद्घाटन नेपालका लागि बेलायती राजदुत रिचार्ड मोरिस र नेपाल टेलिकमका प्रबन्ध निर्देशक कामिनी राजभण्डारीले संयुक्त रुपमा रिवन काटेर गर्नुभएको थियो ।

उक्त अवसरमा नेपालका लागि बेलायती राजदुत रिचार्ड मोरिस, आइसिइका नेपाल प्रतिनिधि ई.क्रिस्टिन मेर्लिस, नेपाल इन्जिनियरिङ एसोसिएसनका उपाध्यक्ष ई.उमाशंकर शाह, ई.(डा) रेखा श्रेष्ठ, युवा इन्जिनियर आयस्था पोखरेलले पनि नेपालको इन्जिनियरिङ क्षेत्रमा महिला इन्जिनियरहरुको भूमिका, स्थिति आदि बारेमा आ-आफ्नो विचार राख्नु भएको थियो ।

FOR GSM USERS TO SUBSCRIBE, DIAL *1415#

4G LTE

100 Successful Years of Service

On the auspicious occassion of 100 years of successful service,
NEPAL TELECOM PRESENTS
NT MEGA OFFER

ALL TIME DATA PACK (GSM / CDMA) Time Band : All time

| Data Volume (MB) | Price (Rs.) | Validity (Days) |
|---|---|---|
| 400 | 100 | 30 |
| 850 | 200 | |
| 1500 | 300 | |

FOR SUBSCRIPTION, TYPE 'DATAXXXMB' & SEND IT TO 1415

SMALL DATA PACK (GSM / CDMA) Time Band : All time

| Data Volume (MB) | Price (Rs.) | Validity (Days) |
|---|---|---|
| 60 | 25 | 7 |
| 125 | 50 | 14 |

FOR SUBSCRIPTION, TYPE 'DATAXXXMB' & SEND IT TO 1415

NIGHT DATA PACK (GSM / CDMA) Time Band : 10PM to 6AM

| Data Volume (GB) | Price (Rs.) | Validity (Days) |
|---|---|---|
| 3 | 200 | 30 |
| 6.5 | 300 | |

FOR SUBSCRIPTION, TYPE 'NIGHT3GB' OR 'NIGHT6GB' & SEND IT TO 1415

NIGHT VOICE PACK (GSM) TIME BAND : 10PM - 6AM
250 Minutes @ RS. 25/-
*Offer Validity : 7 days from subscription date.
FOR SUBSCRIPTION, TYPE 'NIGHT' & SEND IT TO 1415

FACEBOOK/INSTAGRAM DATA PACK (GSM) (All time) FOR SUBSCRIPTION, TYPE 'FBXXXMB' & SEND IT TO 1415

| S.No. | Total Volume (MB) | Price (Rs.) | Validity (Days) |
|---|---|---|---|
| 1 | 110 | 25 | 7 |
| 2 | 230 | 50 | 14 |
| 3 | 500 | 100 | 28 |
| 4 | 1100 | 200 | |

4G PACK (All time) (GSM) Kathmandu & Pokhara Users Only
FOR SUBSCRIPTION, DIAL *1415# OR TYPE '4GXXXMB' & SEND IT TO 1415

| S.No. | Data volume (MB) | Price (Rs.) | Validity (Days) |
|---|---|---|---|
| 1 | 200 | 50 | 7 |
| 2 | 500 | 100 | 14 |
| 3 | 1200 | 200 | 28 |
| 4 | 2000 | 300 | |
| 5 | 3600 | 500 | |

twitter.com/ndcl_nt
facebook.com/NepalTelecom.NT
*All Prices are INCLUSIVE of Govt. Taxes.
*For more details please visit www.ntc.net.np
राष्ट्को संचार
NEPAL TELECOM

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com, newsntc@gmail.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।
Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Meghanath Dhakal**